आज मिति २०७५ साल आश्विन महिनाको १७ गते बुधवारका दिन विहानको ठिक ८.०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग ज्यू को अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

तपशिल :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , सदस्य (नगर कार्यपालिका )
श्री सबिता रसाईली , नगर उपप्रमुख ,सदस्य (नगर कार्यपालिका)
श्री रवि चन्द्र पौडेल, सदस्य (नगर कार्यपालिका) श्री मो. अकबर मियाँ का.व.अ.
श्री जगत बहादुर गुरुङ्ग ,सदस्य (नगर कार्यपालिका)
श्री राम कुमार श्रेष्ठ ,सदस्य (नगर कार्यपालिका)
श्री शिव कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)
श्री दिर्घ बहादुर थापा, सदस्य (नगर कार्यपालिका)
श्री कृष्ण बहादुर पौडेल, सदस्य (नगर कार्यपालिका)
श्री राम बहादुर क्षेत्री थापा, सदस्य (नगर कार्यपालिका)
श्री कृष्ण प्रसाद रेग्मी, सदस्य (नगर कार्यपालिका)
श्री लोक नारायण श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)
श्री रामचन्द्र भण्डारी, सदस्य (नगर कार्यपालिका)
श्री दल बहादुर थापा, सदस्य (नगर कार्यपालिका)
श्री मनराज गुरुङ्ग, सदस्य (नगर कार्यपालिका)
श्री दानु अधिकारी सापकोटा, सदस्य (नगर कार्यपालिका)
श्री गिता महत, सदस्य (नगर कार्यपालिका)
श्री विष्णुमाया ढकाल लम्साल, सदस्य (नगर कार्यपालिका)
श्री रिता कुमारी भुजेल थापा, सदस्य (नगर कार्यपालिका)
श्री सानुमाया महत, सदस्य (नगर कार्यपालिका)
श्री कुल बहादुर भुजेल, सदस्य (नगर कार्यपालिका)
श्री खिम बहादुर कुमाल, सदस्य (नगर कार्यपालिका)
श्री भरत लामगादे, सदस्य (नगर कार्यपालिका)
श्री मोहन प्रसाद मरासिनी ,प्र.प्र.अधिकृत एवम सचिव ( नगर कार्यपालिका )

अन्य उपस्थिति :
श्री जुनिता रिमाल, कार्यालय सहायक चौथो ( सामान्य प्रशासन शाखा )

प्रमुख

Scanned by CamScanner

कार्यपालिका बैठकको विषयसुची /मिति २०७५ असोज १७ गते

शुक्लागण्डकी नगरपालिका नगर कार्यपालिकाको कार्यालय दुलेगौंडा, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

- निकासी ठेक्का
- विविध

निर्णय नं. १ : शुक्लागण्डकी नगरपालिका नगर कार्यपालिकाको मिति २०७५/४/१० गते प्रकाशित ढुंगा, गिटी, बालुवा, इटा, माटो, कृषि तथा पशुजन्य हाडछाला र वन्यजन्तु, जडीबुडी तथा अन्य सामग्रीको निकासी ठेक्का सम्बन्धी बोलपत्र सुचना अनुसार पि.एल.कन्सट्रक्सन पोखराको बोलपत्र रकम रु. ३,२१,०००००|० (तीन करोड एक्काइस लाख ) स्वीकृत गरी सम्झौताको लागि सम्पर्क राख्न बोलाइएकोमा निज पि.एल. कन्सट्रक्सनले स्वीकृत ठेक्का रकम एकमुष्ट रकम बुझाउने शर्तमा १०% रकम छुट माग गरेको छ । आय ठेक्कामा स्वीकृत ठेक्का रकम एकमुष्ट अग्रिम बुझाएमा केही रकम छुट दिने गरी सुचनामा प्रकाशन गर्ने गरिएकोमा उक्त ठेक्काको सुचनामा उक्त कुरा उल्लेख नभएको हुनाले निवेदकको माग बमोजिम रु. ३,२१,०००००|० (तीन करोड एक्काइस लाख ) मा ५% रकम छुट गरी हुन आउने रकम एकमुष्ट अग्रिम लिई सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं २ : ६३ औ प्रहरी दिवसको अवसरमा जिल्ला प्रहरी कार्यालय तनहुँद्धारा मिति २०७५/०६/२४ गते आयोजना गर्न लागिएको "महिला हिंसा र लागु औषध विरुद्ध साथ साथै हिडौ" भन्ने कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि रु. २००००|० (दुइ लाख) माग भएको हुनाले जिल्ला प्रहरी कार्यालय तनहुँको माग बमोजिम उक्त कार्यक्रम सफल पार्न रु. २००००|० आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम शुक्लागण्डकी नगरपालिकाको काम कारबाहीलाई सहज र सरल तरिकाले संचालन तथा व्यवस्थापन गर्न के कति प्रशासनिक तथा प्राविधिक (नगरपालिका कार्यालय, वडा कार्यालय र विषयगत क्षेत्र स्वास्थ्य, कृषि, पशु, उद्योग, बातावरण, महिला विकास र शिक्षा लगायत) जनशक्ति आवश्यक पर्ने हो सो विषयमा यकिन गरी प्रतिवेदन तयार गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण (Organization and Management Survey) गराउनु विज्ञहरुको परामर्श सेवा लिनका लागि नगरपालिकाको आन्तरिक श्रोतबाट रु. ५००००|० रकम स्वीकृत गर्ने निर्णय गरियो । साथै यो कार्यलाई तुरुन्त अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने समेत निर्णय गरियो ।

निर्णय नं. ४ : शुक्लागण्डकी नगरपालिका भित्रका नागरिकहरु तथा नगरपालिका बाहिरका नागरिकहरु समेतले औषधी उपचारका लागि आर्थिक सहायता माग गरी निवेदन दिने गरेको सन्दर्भमा सम्बन्धित वडाको सिफारिशमा मुटु, क्यान्सर, कलेजो, मृगौला र स्पाइनल इन्ज्युरी गरी ५ प्रकारका जटिल रोगको उपचारका लागि रोगीको अवस्था हेरी बढीमा रु. १००००|० सम्म उपचार रकम सहायता स्वरुप उपलब्ध गराउन नगरप्रमुखलाई अधिकार दिने निर्णय गरियो । यसरी औषधी उपचार सहयोगका लागि

प्रमुख

Scanned by CamScanner

शिफारिश गर्दा आर्थिक हिसावले अति विपन्न परिवार यकिन गरेर मात्र गर्न र सम्वन्धित अस्पताल तथा डाक्टरको प्रेस्क्रिप्सन हेरेर मात्र शिफारिश गर्न वडा कार्यालयलाई निर्देशन दिने समेत निर्णय गरियो ।

निर्णय नं. ५ : नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत अपाङ्गता भएका सिमीत व्यक्तिहरुले मात्र सामाजिक मासिक सुरक्षा भत्ता पाइरहेको र उक्त सुविधा पाउनबाट नगरपालिका भित्रका धेरै अपाङ्गहरु वञ्चित रहेका हुनाले यस नगरपालिका भित्र कुन कुन प्रकारका अपाङ्गहरु कति संख्यामा छन् सोको एकिन तथ्याङ्क लिई सामाजिक सुरक्षा भत्ता पाइरहेका वाहेक अन्य अपाङ्गहरुलाई अन्तर्राष्ट्रिय अपाङ्ग दिवस (२०७५ मंसीर १७ ) को अवसरमा प्रति अपाङ्ग रु. ३०००।० सहयोग गर्ने । साथै अपाङ्गता भएका व्यक्तिहरुको सीप विकास लक्षित कार्यक्रमहरु संचालन गरी उनीहरुलाई स्वरोजगार र आत्मनिर्भर बनाउन नगरपालिकाबाट तालिम तथा सीप विकास कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : शुक्लागण्डकी नगरपालिका भित्र रहेको ऐलानी प्रति जग्गामा बसोवास गर्दै आएका व्यक्तिहरुलाई जग्गा/पुर्जा उपलब्ध गराई बैधानिकता दिने तर्फ यथाशिघ्र पहल गर्न भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : शुक्ला गण्डकी नगरपालिका वडा नं. ५ मा मिति २०७५ असोज १९ गतेबाट शुरु हुन गइरहेको "शुक्लागण्डकी लायन्स महोत्सव २०७५" मा स्वास्थ्य शिविर संचालन अर्न्तगत औषधी खरिदको लागि रु. ५००००।- रकम विनियोजन गर्ने मिति २०७५ असोज ५ गतेको कार्यपालिका वैठकबाट निर्णय भएकोमा उक्त रकम नपुग हुने भनी थप गर्न माग भएकोले थप रु. ५००००।० उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८ : शुक्लागण्डकी नगरपालिका भित्र संचालनमा रहेका सबै क्रसर उद्योगहरुलाई उद्योग दर्ता तथा नविकरणको कागजात र प्रमाण सहित नगरपालिकामा सुचिकृत हुन १५ दिनको समय दिने गरी सार्वजनिक सुचना गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : शुक्लागण्डकी नगरपालिका भित्र रहेको सार्वजनिक जग्गा अतिक्रमण गरी व्यक्ति तथा संस्थाहरुले घर टहराहरु बनाउने क्रम नरोकिएको हुनाले त्यस्तो गैर कानुनी कार्य रोक्न सार्वजनिक सुचना प्रकाशन गर्नुका साथै घर टहरा निर्माण गरिरहेका व्यक्ति/संस्थाहरुलाई तत्काल निर्माण कार्य रोक्न पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : शुक्लागण्डकी नगरपालिका कार्यालयको मिति २०७४/१०/२९ गतेको पत्र अनुसार श्री क्वालिटी ग्रीड एण्ड क्रसर प्रा.लि.को नाममा नगरपालिकाको विभिन्न स्थानमा मौज्दात रहेको कुल

Scanned by CamScanner

१,३५,३५३ घनमिटर गिटी बालुवा प्रति घनमिटर रु. १०० का दरले कुल रु. १,३५, ३५,३००।० राजश्व किस्तावन्दी अनुसार नगरपालिकालाई बुझाई निकासी तथा विक्री गर्न अनुमति दिइएकोमा मौज्दातमा रहेको सामग्री सामन्यतया सोही आर्थिक बर्ष भित्र निकासी तथा विक्री गरिसक्नुपर्नेमा सो नगरेको र हालै प्रदेश मन्त्रालयबाट स्वीकृत कार्यविधि अनुसार गिटी बालुवाको रोयल्टी प्रति घनमिटर रु. १४१।० कायम भएको हुनाले अघिल्लो आर्थिक बर्ष भित्र निकासी तथा विक्री भई बाँकी रहेको मौज्दात ३०३५३ घन मिटरको प्रति घनमिटर रु. १४१ का दरले हुन आउने रकम १५ दिन भित्र नगरपालिकामा एकमुष्ट बुझाई निकासी गर्न क्वालिटी ग्रीड एण्ड क्रसर प्रा.लि.को नाममा पत्राचार गर्ने र सो अवधिमा रकम बुझाई सामान लैजाने सम्झौता नगरेमा नियमानुसार लिलाम बढाबढको प्रक्रियामा जाने निर्णय गरियो ।

निर्णय नं. ११ : नगर कार्यपालिकाको निर्णय अनुसार यस कार्यालयको सरसफाई र फुल वगैचा व्यबस्थापन तथा हेरचाहका लागि मालि पद १ सिर्जना भएको र कार्यालयको सरसफाई तथा फुल वगैचा व्यबस्थापन तथा हेरचाह कार्यमा मिति २०७४ चैत्र ६ गते देखि दैनिक ज्यालादारीमा सुमित्रा रिमाललाई काममा लगाउदै आइएकोमा मिति २०७५ आश्विन १७ गते देखि कार्यालय सहयोगी सरहको न्यूनतम मासिक पारिश्रमिक पाउने गरी करार सम्झौता गरी काममा लगाउने निर्णय गरियो ।

निर्णय प्रमाणित
२०७५

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

Scanned by CamScanner